विविधा

# स्थानीय तहको न्यायिक अधिकार र मेलमिलाप

जेष्ठ १, २०७५ | सतीश शर्मा

काठमाडौं — नेपालको संविधानले नेपालमा तीन तहका अदालत रहने व्यवस्था गरेको छ, जसअन्तगरत सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहेको छ ।

संविधानमा माथि लेखिएका अदालतबाहेक कानुनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सकिनेछ भनी संविधानमा स्थानीय स्तरमा न्यायिक निकाय र विवाद समाधानका वैकल्पिक उपायहरूलाई अवलम्बन गर्न सक्ने गरी न्यायलाई सबै नागरिकको पहुँच, छिटो छरितो र कम खर्चिलो गरी समाधान गर्ने लक्ष्य वा चाहना राखी यो व्यवस्था गरेको पाइन्छ ।

स्थानीय सरकार सञ्चालन ऐनका व्यवस्थाहरूलाई केलाउँदा न्यायिक समितिलाई २ प्रकारले न्याय निरूपण गर्ने अधिकार प्रदान गरेको छ ।

*१.विवाद वा मुद्दाको सुनुवाई गरी निरूपण गर्ने अधिकार*
*२.मेलमिलापको माध्यमबाट मात्रै विवादको निरूपण गर्ने अधिकार*

यद्यपी स्थानीय सरकार सञ्चालन ऐनले सुनुवाईमार्फत विवादको निरूपण गर्ने विवादमा पनि न्यायिक समितिले सुरुमा मेलमिलाप/मिलापत्र गराउने प्रयास गनुपर्ने व्यवस्था गरेको छ । यदि मेलमिलापको प्रयास असफल भएमा मात्र सुनुवाईको प्रक्रियाद्वारा न्याय निरूपण गर्नुपर्दछ ।

## न्यायिक समितिको अधिकार

| **न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ :** | **न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपण गर्ने अधिकार हुनेछ :** |
|---|---|
| (क) आलिधुर, बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग | (क) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको |
| (ख) अर्काको बाली नोक्सानी गरेको | (ख) सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको |
| (ग) चरन, घाँस, दउरा | (ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद |
| (घ) ज्याला मजदुरी नदिएको | (घ) अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट |
| .(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको | (ङ) गाली बेइज्जती |
| (च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको | (च) लुटपाट |
| (छ) नाबालक छोरा-छोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान, लाउन वा शिक्षा दीक्षा नदिएको | (छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरूलाई असर पारेको |
| (ज) वार्षिक २५ लाख रूपैयाँसम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा | (ज) अरूको आबासमा अनधिकृत प्रवेश गरेको |
| (झ) अन्य व्यक्तिको घर जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रूख विरुवा लगाएको | (झ) अर्काको हकभोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको |
| (ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको | (ञ) ध्वनि प्रदुषण गरी वा फोहरमैला फ्याँकी छिमेकीलाई असर पुऱ्याएको |
| (ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुनबमोजिम छोड्नुपर्ने परिणामको जग्गा नछोडी बनाएको | (ट) प्रचलित कानुनबमोजित मेलमिलाप हुनसक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद |
| (ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटीपौवा, अन्त्येष्टी स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको | |
| (ड) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद | |

न्यायिक समितिले पति पत्नी बिचको वा जेष्ठ नागरिकको संरक्षणसम्बन्धी विवादका उजुरीमा निम्न किसिमका अन्तरिम संरक्षणात्मक आदेशसमेत जारी गर्न सक्ने विशेष व्यवस्था गरेको छ ।

क)पीडितहरूलाई निज बसी आएको घरमा बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न

ख)पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उपचार गराउन

ग)पीडितलाई अलग रूपमा बसोवासको प्रबन्ध गर्नुपर्ने देखिएमा सोको व्यवस्था गर्न र त्यसरी अलग बस्दा निजको भरणपोषणको लागि उचित व्यवस्था गर्न

घ)पीडितलाई गालीगलौज गर्न, धम्की, दिने वा असभ्य व्यवहार गर्ने कार्य नगर्न नगराउन

ङ)पीडितको हित र सुरक्षाको लागि अन्य आवश्यक र उपयुक्त कुरा गर्न गराउन

### न्यायिक समिति र मेलमिलाप

मेलमिलाप वैकल्पिक विवाद समाधानका विभिन्न उपायहरूमध्येको एउटा उपाय हो । यस प्रक्रियामा तटस्थ तेस्रो पक्षको सहयोगमा विवाद समाधान गर्ने प्रयास गरिन्छ । शाब्दिक रूपमा मेलमिलाप शब्दको अर्थ खोज्दा अंग्रेजी शब्द 'मिडिएटर' ल्याटिन भाषाको 'मिडिएटर' बाट लिइएको हो । जसको अर्थ हुन्छ – 'बिचमा रहनु' । साँच्चै नै मेलमिलापकर्ताको स्थितिलाई हेर्दा उ विवादका पक्षहरूको बिचमा नै हुन्छ । मेलमिलापलाई सरल रूपमा बुझ्दा निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ ।

- विवादका पक्षहरूबीच मेलमिलाप गराउन एउटा तेस्रो पक्ष हुन्छ ।

- तेस्रो पक्ष तटस्थ र निष्पक्ष हुन्छ ।

- विवादका पक्षहरूलाई सहमतिमा ल्याउन मेलमिलापकर्ताले सहजकर्ताको भूमिका निर्वाह गर्दछ तर आफैले परामर्श वा निर्णय दिंदैन ।

- निर्णय गर्ने अधिकार पक्षहरू स्वयम्मा रहन्छ ।

- यो स्वेच्छिक प्रक्रिया हो ।

- यसमा गोपनियताको कदर हुन्छ ।

न्याय निरूपण प्रक्रिया र मेलमिलापबीच भिन्नता

| न्याय निरूपण | मेलमिलाप |
|---|---|
| विगतलाई हेरिन्छ | भविष्यलाई हेरिन्छ |
| तथ्यमा जोड दिइन्छ | सम्बन्धमा जोड दिइन्छ |
| दायित्व र गल्तीहरु स्थापित गर्न खोजिन्छ | सम्बन्धहरूलाई पुनसंरचना गर्न खोजिन्छ |
| हार र जीतको परिणाम आउँछ | सहमतिपूर्ण समाधानमा परिणाम आउँछ |
| कानुनमा जोड दिइन्छ | वास्तविकतामा जोड दिइन्छ |
| आवश्यक कार्यविधिमा जोड दिइन्छ | कार्यविधिमा लचकटता हुन्छ |
| तेस्रो तटस्थ पक्षले निर्णय दिन्छ | तेस्रो तटस्थ पक्षले सहजीकरण मात्र गर्छ, निर्णय दिंदैन |
| औपचारिक | अनौपचारिक |
| खुल्ला सार्वजनिक | गोप्य/एकान्त |
| अधिकारमा आधारित : को सही छ र को गलत छ खुट्याइन्छ | इच्छामा आधारित : इच्छा/चाहनाहरु दुवै पक्षका मिलान गरिन्छ |

कान्तिपुर

विवाद समाधानमा मेलमिलाप प्रक्रियाको महत्त्व र विशेषता

विवाद समाधानको एउटा प्रक्रियाको रुपमा मेलमिलापले अहिले विश्वव्यापी रूपमै लोकप्रियता हासिल गर्दै आएको छ । मेलमिलाप अहिले श्रीलंका, बङ्गलादेश, फिलिपिन्स, अमेरिका, सिंगापुर, दक्षिण अफ्रिका, मलेसिया जस्ता संसारका धेरैजसो देशहरूमा विवाद समाधानको एउटा लोकप्रिय माध्यमको रुपमा अगाडि आएको छ । विवाद समाधानमा यसको महत्त्व र लोकप्रियता बढ्नुको पछाडि यसका यस्ता केही महत्वपूर्ण कारणहरू रहेका छन् । मेलमिलापमा विवादका पक्षहरू नै विवाद समाधानमा निर्णायक भूमिकामा हुन्छन् । यस प्रक्रियामा मेलमिलापकर्ताको मात्रै नभई विवाद समाधानदेखि यसका हरेक प्रक्रियाहरूमा विवादका पक्षहरूको सहभागिता हुने हुनाले यस प्रक्रियालाई न्यायमा प्रजातान्त्रिकता पनि भन्ने गरिन्छ । यसले न्यायसम्मको पहुँचमा सहजता ल्याउनुका साथै यो छिटोछरितो र कम खर्चिलो छ । यसको माध्यमबाट हुने समाधानहरू वास्तविक र दिगो हुनुका साथै सामाजिक मुल्य, मान्यता र संस्कृतिले पनि स्थान पाउँदछ ।

हाम्रो जस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक विविधतायुक्त समाजमा मेलमिलाप प्रक्रियाद्वारा समाधान हुने विवादले सामाजिक सौहार्दतामा समेत वृद्धि गर्छ । यसमा विवादका पक्षहरूले जित–जित अझ लाभको अनुभव गर्नुका साथै सिमान्तकृत समुदायलाई सशक्तिकरणको अवसर पनि प्राप्त हुन्छ । कम औपचारिकतामा हुने यसका प्रक्रियाहरूले विवादका पक्षहरूलाई खुलस्त र सहज ढंगले आफ्ना कुराहरू राख्न अवसर प्रदान गर्दछ ।

### मेलमिलापकर्ता

'मेलमिलापकर्ता' भन्नाले पक्षहरू बिचको विवादलाई छलफल गराई सहज वातावरण सिर्जना गर्न तथा सो विषयमा सहमति कायम गर्नका लागि उत्प्रेरित गर्न पक्षहरूले रोजेको/नियुक्त गरेको व्यक्तिलाई मेलमिलापकर्ता भनेर सम्झनुपर्छ । पक्षहरूलाई स्वतन्त्र र निष्पक्ष तरिकाले सहयोग गर्ने, निष्पक्षता, वस्तुनिष्ठता, स्वच्छता र न्यायका सिद्धान्तबाट निर्देशित हुने, न्यायाधीश वा कानुनी सल्लाहकारको भूमिका निर्वाह नगर्ने प्रक्रियालाई सन्तुलन गरी अघि बढाउने, पक्षहरूको आवेगको व्यवस्थापन, भावनाको कदर र उचित सम्मान गर्नु मेलमिलापकर्ताको मुख्य भूमिका रहन्छ । पक्षहरूलाई स्वीकार्य, इमान्दार, निष्पक्ष, धैर्यवान, गोपनियता राख्न सक्ने, नरम व्यवहार गर्न सक्ने र विवादको गहिराइसम्म पुग्ने, स्थानीय भाषा र संस्कृति बुझेको, प्रक्रियालाई नियन्त्रणमा राख्ने तथा निरन्तरता दिने, वार्तालाई महत्त्वपूर्ण बनाउने जस्ता केही महत्त्वपूर्ण गुणहरूले मेलमिलापकर्तालाई दक्ष बनाउन सहयोग गर्दछ । नेपाली नागरिक, सामान्यतया कम्तिमा स्नातक उत्तीर्ण गरेको (स्थानीय तहको हकमा स्थानीय तहमा उपलब्ध जनशक्ति अनुसार गर्न बाधा नपर्ने), २५ वर्ष उमेर पुरा भएको, स्थानीय स्तरमा समाजसेवीको रूपमा पहिचान बनाएको, राजनीतिक दलको सक्रिय कार्यकर्ता नभएको, ४८ घण्टा तालिम लिएको व्यक्ति मेलमिलापकर्ता बन्न सक्ने व्यवस्था मेलमिलापसम्बन्धी ऐन र स्थानीय तहको हकमा न्यायिक कार्यविधि ऐनमा गरिएको छ ।

### निष्कर्ष

नेपालको संविधानले नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत रहने व्यवस्था गर्नुका साथै यी अदालतबाहेक कानुनबमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकताअनुसार अन्य निकाय गठन गर्न सकिन्छ भनी विवाद समाधानको वैकल्पिक उपाय मेलमिलालाई इङ्गित गर्न खोजेको छ । संसारमा विवाद समाधानका वैकल्पिक उपाय वार्ता, मध्यस्थता, मैत्रीभाव (समन्वय) र मेलमिलाप मुख्य रुपमा प्रचलनमा रहेका छन् । नेपालको संविधानअनुसार बनेको स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन र कतिपय गाउँपालिका वा नगरपालिकाले बनाएका न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनले स्पष्ट रुपमा मेलमिलापको सिद्धान्त र प्रक्रियालाई आत्मसाथ गर्दै मेलमिलापलाई न्यायको एक आधारशिलाको रूपमा प्रष्ट व्यवस्था गरेको पाइन्छ ।

स्थानीय स्तरमा स्थानीय सरकार सञ्चालन ऐनले न्यायिक अधिकारअन्तरगत विवादको निरूपण गर्ने अधिकार र मेलमिलापबाट मात्रै विवादको निरूपण गर्ने अधिकारका बारेमा स्थानीय जनप्रतिनिधि र धेरै हदसम्म स्थानीय न्यायिक समितिका सदस्यहरूमा अलमल/भ्रम

रहेको पाइन्छ । संविधानले प्रष्ट रूपमा उल्लेख गरेको विवाद समाधानका वैकल्पिक उपाय र ऐनले प्रष्ट रूपमा उल्लेख गरेको मेलमिलापसम्बन्धी सिद्धान्त र ज्ञानको कमीले गर्दा धेरै स्थानीय सरकारलाई मेलमिलाप के हो, यसको मुख्य सिद्धान्त, विशेषता र महत्त्वका बारेमा रहेको जानकारीको कमीले सर्वसाधारण जनतालाई सहज र सरल ढंगले न्यायमा पहुँच पुर्‍याउने मेलमिलाप प्रक्रियालाई अगाडि बढाउन अझ भनौं यसलाई न्यायको एउटा तरिकाको रूपमा स्थापित गर्न सकिएको छैन ।

हाम्रो जस्तो विविधतायुक्त समाजमा विवाद समाधान गरी पक्षहरूबीच सौहार्दता काम गर्नु निश्चय नै एक जटिल कार्य हो, मेलमिलाप प्रक्रियामा पक्षहरूको विषयगत कुराहरू मात्रै समाधान नगरी उनीहरूबीच रहेको तिक्तता पनि कम गर्ने हुनाले यसले सामाजिक सौहार्दता विकास गर्दछ जसले हामी जस्तो भर्खरै लामो हिंसात्मक द्वन्द्वबाट आएको मुलुकलाई समाजमा विवादको शान्तिपूर्ण समाधान खोज्नतर्फ उत्प्रेरित गर्दछ । लामो, झन्झटिलो, महङ्गो, औपचारिकतामा जकडिएको हाम्रो औपचारिक न्याय प्रणालीबाट प्रताडित सर्वसाधारणलाई मेलमिलाप प्रक्रिया एक आशलाग्दो विवाद समाधानको तरिका हो भन्ने कुरालाई स्थानीय जनप्रतिनिधिले मनन् गर्नुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनले न्यायिक समितिले आफूसमक्ष पेश भएको विवादको निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनु पर्नेछ भनी प्रष्ट उल्लेख गरेको छ । त्यसैले न्यायिक समितिले ऐनमा भएको निरूपण गर्ने अधिकार र मेलमिलापको माध्यमबाट मात्रै विवाद निरूपण गर्ने दुवै अधिकारमा मेलमिलापलाई नै प्रोत्साहन गर्ने प्रष्ट व्यवस्थाले स्थानीय तहले आफ्रो न्यायिक अधिकरलाई प्रयोग गर्दा मेलमिलापलाई मुख्य आधारको रूपमा ग्रहण गर्न कुनै ढिलाई नगर्नु पर्ने देखिन्छ ।

मेलमिलाप प्रक्रियालाई प्रभावकारी रूपमा सञ्चालन गर्न कानुनले नै हरेक वडामा मेलमिलाप केन्द्र गठन गर्न सकिने व्यवस्थालाई मध्यनजर गर्दै गाउँपालिका, नगरपालिका, उप–महानगरपालिका र महानगरपालिकाको हरेक वडामा ९ देखि ११ जनाको मेलमिलापकर्ताको रोष्टर तयार गरी उनीहरूलाई मेलमिलाप सिद्धान्तले मार्गदर्शन गरेका सिद्धान्तहरूलाई अनुशरण गर्ने वातावरण सिर्जना गर्न, गोपनियता कायम गर्न सक्रे गरी तत्काल मेलमिलाप केन्द्र स्थापना गर्नुपर्ने देखिन्छ ।

मेलमिलापले मुद्दा मामिला गर्दा लाग्ने ठूलो धनराशी स्थानीय स्तरमा नै बचत हुनुका साथैयसले विवादहरू छिटो छरितो रूपमा ४८ घण्टाभन्दा बढी तालिम लिएका दक्ष मेलमिलापकर्ताद्वारा विवादका पक्षहरूबीच सौहार्दता कायम गरी दुवैलाई जित–जितको अनुभव हुने गरी विवाद समाधान गर्ने हुँदा समाजमा सामाजिक सदभाव कायम गर्न पनि मद्दत पुर्‍याउँछ, जुन हाम्रो जस्तो समाजका लागि अति जरुरी छ । अन्तमा, सबै नागरिकको न्यायमा पहुँच संविधानले प्रदान गरेको मौलिक अधिकारको प्रत्याभूतिको लागि मेलमिलाप एक प्रभावकारी साधन हुने हुंदा यसलाई कार्यान्वयनमा लग्न सबै ७५३ स्थानीय तह आजैबाट जुट्न अति आवश्यक देखिन्छ ।
*- शर्मा अधिवक्ता हुन् ।*

प्रकाशित : जेष्ठ १, २०७५ १७:५८